**प्राज्ञिक विमर्श**, **वर्ष ६, अङ्क**, १२, **२०८१ असोज**, ISSN 2676–1297

# अन्तर्मनको यात्रा निबन्धमा राष्ट्रप्रेमको चित्रण

**❋हरिप्रसाद तिमिल्सिना**
timilsinahari2017@gmail.com

*अध्ययनसार*

*जगदीश घिमिरेले नेपाली साहित्यमार्फत राष्ट्रभाषा नेपालीको सेवा, विदेशी भूमिभन्दा नेपाललाई स्वर्ग मान्दै नेपालको विभिन्न क्षेत्रको भ्रमण गरेका छन् । सामुदायिक संस्था खोली त्यसमार्फत् आफ्ना बन्धुवान्धवको सेवा गरेका घिमिरेले आफ्नो जीवनको अन्तिमकालमा आफूले भोगेका, गरेका विभिन्न क्रियाकलापलाई कृतिमा समाविष्ट गरेका छन् । नेपालको सामुदायिक विकासमा विशेष योगदान पुऱ्याएका घिमिरेले यस कृतिमार्फत् आफूभित्रको राष्ट्रप्रेमको भावनालाई स्पष्ट रूपमा अभिव्यक्त गरेका छन् । यो राष्ट्र भूस्वर्ग हो, यहाँको प्रकृति, यहाँको रहनसहन शिक्षादीक्षा, कलासंस्कृतिले विश्वमा आफ्नो छुट्टै पहिचान बनाएको छ भन्दै समृद्धिका लागि विभिन्न योजन समेत प्रस्तुत गरेका छन् । नेपालको समग्र पक्षको चित्रण गर्दै राष्ट्र, भाषा, संस्कृति र प्रकृतिको मोहलाई उजागर गर्दै यस कृतिमा राष्ट्रप्रेमको भावलाई प्रस्तुत गरेको अभिव्यक्तिको प्रकटीकरण भएको छ भन्ने पुष्टि भएको छ ।*

**मुख्य शब्दावली** : राष्ट्रप्रेम, रहनसहन शिक्षादीक्षा, कलासंस्कृति, समृद्धि ।

## विषयपरिचय

जगदीश घिमिरे (वि.सं.२००२) बहुआयामिक व्यक्तित्वका रूपमा नेपाली साहित्यक्षेत्रमा सक्रिय रहेका छन् । समाजसेवी, पत्रकार एवम् साहित्यकार व्यक्तित्वका रूपमा उनको पहिचान अग्रस्थानमा रहेको देखिन्छ । साहित्यका विविध विधाहरूमा कलम चलाउने घिमिरेको अन्तर्मनको यात्रा एक विशिष्ट निबन्ध विधाको रचना हो । उनले यसलाई प्रतिसंस्मरण विधा भनेका छन् । यसले २०६४ सालको मदन पुरस्कार र उत्तम शान्ति पुरस्कार समेत प्राप्त गरेको छ ।

१९/२० वर्षे उमेरदेखि साहित्यमा संलग्न हुन थालेका घिमिरेको साहित्यिक यात्राको सुरुवात 'श्री ३ गिद्ध' कथाबाट भएको हो । पहिलो प्रकाशित कृतिको रूपमा उपन्यास विधाको रचना 'लिलाम' वि.सं. २०२५ मा भएको थियो भने यसको प्रकाशन वि.सं.२०२७ मा भएको देखिन्छ । उनका पुस्तकाकार कृतिहरू यसप्रकार छन्ः लिलाम ( उपन्यास, वि.सं.२०२५), साबिती (उपन्यास, वि.सं.२०३२), जगदीशका कथाहरू (कथासङ्ग्रह, वि.सं. २०२७), केही कथा, कविता र संस्मरण (वि.सं. २०३४), अग्निसूत्र (रोज्जा कविताहरू), बर्दी (रोज्जा कथाहरू), स्थान, काल, पात्र (संस्मरण, निबन्ध र अन्तर्वार्ताहरू) र अन्तर्मनको यात्रा (संस्मरण, वि.सं. २०६४) आदि प्रकाशित छन् ।

वि.सं. २०६४ सालको मदन पुरस्कार र उत्तम शान्ति पुरस्कार प्राप्त गर्न सफल बहुचर्चित कृति अन्तर्मनको यात्रा स्रष्टा जगदीश घिमिरेको जीवनको जन्मदेखि मल्टिपल माइलोमा नामक रक्तक्यान्सर जस्तो दुःसाध्य रोगसँग सङ्घर्ष गरेर पुनर्जीवन प्राप्त गर्दाताकाको समयसम्मको जीवनका आरोह-अवरोहलाई संस्मरणका रूपमा वा आत्मालापीय रूपमा लेखिएको निबन्ध रोगको उपचारकै समयावधिभित्र मृत्यु शैय्यामा रहँदाको समयमा लेखिएको कृति हो । उनको यही अन्तर्मनको यात्रा निबन्धमा भाषा, संस्कृति तथा नेपाली जातिप्रति देखाएको प्रेमलाई नै राष्ट्रप्रेम मानी तिनको व्याख्या तथा विश्लेषण यहाँ प्रस्तुत गरिएको छ ।

## सैद्धान्तिक आधार र विश्लेषण विधि

राष्ट्रलाई माया गर्नु नै राष्ट्रप्रेम हो यो भाव वा विचारसँग जोडिएर आउँने हुँदा अमूर्त हुन्छ । राष्ट्र प्रेमका विभिन्न स्वरूपलाई बुँदागत प्रेमका पक्षका रूपमा आधार बनाई विश्लेषण गरिएको छ ।

**❋ लेखक भाषा साहित्यको क्षेत्रमा अनुसन्धानरत हुनुहुन्छ ।**

राष्ट्रलाई माया गर्नु वा राष्ट्रप्रतिको माया, सद्भाव नै राष्ट्रप्रेम हो । राष्ट्र जातिवाचक नाम शब्दमा प्रेम भाववाचक शब्द मिलेर राष्ट्रप्रेम शब्दको निर्माण भएको छ । आफू जन्मेको भूमि वा आफ्नो मौलिक पहिचान भएको राष्ट्र नै आफ्नो राष्ट्र हो यसप्रति प्रेम गर्नु सबै नागरिकको कर्तव्य हो ।

राष्ट्रप्रेम भित्र राष्ट्रप्रतिको श्रद्धा, माया, नागरिक हुनुको गर्वबोध, सद्भाव, सद्विचार, सहयोगको भावना, सहिष्णुता, संस्कृतिको गौरव, प्राकृतिक सुन्दरताको मोह, जातीय एकताको भावना, राष्ट्रको गौरवमय इतिहास, अखण्डताप्रतिको मोह, संस्कृत मोह, भाषाप्रतिको प्रेम जस्ता यावत् कुरा समेटिएका हुन्छन् । राष्ट्रका बारेमा नेपाली बृहत् शब्दकोशमा एकै प्रणालीको शासनअन्तर्गतको निश्चित भू-भाग, राष्ट्र, चारैतिर फैलिई अनेकौं गाउँ, सहर, जिल्ला, अञ्चल वा प्रान्त मिलेर बनेको एक विशिष्ट भूभाग, मुलुक, ठाउँ वा स्थान भनिएको छ भने प्रेम शब्दको बारेमा कुनै विषय, वस्तु वा व्यक्तिको स्वभाव एवं गुणप्रति मनमा उत्पन्न हुने आकर्षण वा आत्मीयता र राष्ट्रभक्तिको जगेर्ना गर्नु अत्यन्त जरुरी छ, नत्र समयसँगै राष्ट्रभक्ति लोप हुनेछ । युवा पुस्ता आफ्नो काममा यति मग्न छन् कि अरूको वास्ता गर्दैनन् । यति मात्र होइन, प्रतिस्पर्धाका कारण मानिस स्वार्थी बन्दै गएका छन् । हामीले आफ्नो जीवन निःस्वार्थ बनाउनुपर्छ र राष्ट्रभक्तिमा मुख्य योगदान गर्नुपर्छ ।

एक सच्चा नागरिकले आफ्नो राष्ट्रप्रतिको निस्वार्थ प्रेमले राष्ट्रको माया गराउँछ । राष्ट्रप्रतिको राम्रो भावनाले राष्ट्रप्रेमलाई वृद्धि गर्छ । राष्ट्रप्रतिको मायाको परिभाषा राष्ट्रप्रतिको प्रेमले गर्न सकिन्छ । हामी सबै मिलेर भाइचारा र मायाले बाँचौं भन्ने विचार  राष्ट्रवासीलाई दिन पनि राष्ट्रप्रेम चाहिन्छ । राष्ट्रका हरेक व्यक्तिले राष्ट्रको हितको लागि सोच्ने हो भने एक दिन हाम्रो राष्ट्र अरू राष्ट्रको तुलनामा धेरै गुणा बलियो र विकास हुनेछ । राष्ट्रमा राष्ट्रप्रेम र राष्ट्रभक्तिको कर्तव्यको पालना गर्नु अत्यन्त जरुरी छ ।

**संस्कृति प्रेम**

संस्कृति व्यापक एवम् विशद् विषय हो । सबै राष्ट्रका आ-आफ्नै संस्कृति हुन्छ यसलाई मानिसको समग्र जीवनपद्धतिको सापेक्षतामा मात्र बुझ्न सकिन्छ, किनभने संस्कृति मानव निर्मित वस्तु हो । सुरुसुरुमा गाँस, वास र कपासको पूर्तिका लागि मानिसले अनेक तरहका व्यवहारहरू गर्ने क्रममा सोही अनुसारको वास्तु, खाना र पहिरन संस्कृतिको निर्माण भयो । त्यसको निरन्तरता अनवरत छ र रहिरहने छ । यसको अतिरिक्त मनोरञ्जनमूलक संस्कृति, भक्ति र स्तुतिमूलक संस्कृतिको समेत विकास हुन पुग्यो । यसरी सरलताबाट प्रारम्भ भएको सांस्कृतिक परम्परा वर्तमान समयमा भने अत्यन्त जटिल बन्दै गएको पाइन्छ । संस्कृतिलाई पहिले पहिले खानपिन, नाचगान, चाडपर्व, धर्मकर्म, वेशभूषा आदिका रूपमा मात्र बुझिन्थ्यो । वर्तमान समयमा भने संस्कृतिले व्यापक क्षेत्र ओगट्छ । जसलाई पालना गर्नु गराउनु राष्ट्रप्रेम हो  ।

**भाषा प्रेम**

यस्तै जुनसुकै राज्य वा राष्ट्रको निमित्त पनि त्यस राज्य वा राष्ट्रमा आवाद रहेका अधिकांश नागरिकहरूले बोल्ने गरेको एउटा छुट्टै बोली वा भाषा पनि अत्यावश्यक मानिन्छ । यस्तो बोली वा भाषा त्यस राज्य वा राष्ट्रको राष्ट्र-भाषा हुन्छ, राष्ट्रको भाषा हुन्छ  । जुनसुकै राज्य वा राष्ट्रमा पनि एउटै बोली वा भाषाको मात्र बोलबाला हुनुपर्दछ भन्ने खासै नियम त छैन, तर पनि राष्ट्रिय एकताको निमित्त एउटा राज्य वा राष्ट्रमा एउटैमात्र राष्ट्रभाषा हुनु अत्यावश्यक मानिँदै आइएको छ । यो राज्य वा राष्ट्रको अर्को एउटा प्रमुख अङ्गको रूपमा रहेको हुन्छ ।

शासनसंस्था वा सरकारलाई राज्य वा राष्ट्ररूपी पुरुषको कर्मेन्द्रिय अर्थात् हात- खुट्टा मान्ने हो भने राष्ट्रभाषा त्यस पुरुषको मुखरूपी अर्को कर्मेन्द्रिय हो । शासनसंस्था वा सरकारले आफ्ना अन्य अङ्गहरूको सहायताले साम, दान, भेद तथा दण्ड नीतिहरूको प्रयोग गरी राज्य वा राष्ट्रको सुरक्षाको साथै समुन्नतिको निमित्त भरसक प्रयास गर्ने गर्दछ । यो राज्य वा राष्ट्रको प्रमुख कर्तव्य हो । तर राज्य वा राष्ट्रका अन्य कर्तव्यहरू पनि हुन्छन् । आपसमा सद्भाव

तथा एकता कायम गरी समग्र राष्ट्रवासीका बिचमा राष्ट्रिय एकता कायम गर्ने काममा त्यस राज्य वा राष्ट्रको राष्ट्रभाषाले परोक्षरूपमा नै भएपनि महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको हुन्छ।
मौखिक रूपमा आपसी सद्भाव तथा सहमति कायम भएर पनि जसरी हात तथा खुट्टाहरू नभएका मानिसहरू मात्र जम्मा भएर मुखहरूद्वारा आपसमा सद्भाव तथा एकता कामय गरी अगाडि बढ्नको निमित्त जत्तिकै प्रयास गरेपनि तिनीहरूबाट मात्र राष्ट्ररक्षाको काम हुन सक्दैन, त्यसैगरी शारीरिक जीउडाल स्वस्थ राष्ट्रियताका अन्य अङ्गहरूको पनि हुने हुन्छ। राष्ट्रप्रेमभित्र भाषा प्रेम पनि हुन्छ। आफ्ना नागरिकहरूको आफ्नो राष्ट्रमा विकास तथा विस्तार भएका सभ्यता, संस्कृति र कला-कौशलहरूको पनि रक्षा गर्दै रहन सक्छ, यसको एउटा राम्रो उदाहरण भएर हाम्रो आफ्नै राष्ट्र वा राष्ट्र नेपाल रहेको पाइन्छ। भाषाका माध्यमबाट राष्ट्रप्रतिको प्रेम बढ्दै जान्छ। आफ्नो स्वतन्त्र राष्ट्रभाषाको अभावमा नागरिकहरूका बीचमा रहेको राष्ट्रिय एकताको भावना क्रमशः शिथिल हुँदै जान्छ। विश्वका प्राणी समूहमा अन्य प्राणी के खाएर मात्र नअघाउने र मस्तिष्कलाई चाहिने अद्भुद प्राणी हो मान्छे। साहित्य र संस्कृतिले उसलाई दिने गर्छ तर साहित्य शाश्वत र सार्वभौम पनि हुन्छ।

**जाति प्रेम**

जातीयता एक सापेक्षित परिभाषित शब्द हो। यसले बृहत्तम् अर्थमा सम्पूर्ण कुनै एक थरीका जाति तथा निश्चित भूगोलमा बसोबास गर्ने समुदाय पर्दछ। राष्ट्र-राष्ट्रका सन्दर्भमा जस्तै नेपाली जातीयता शब्दसित सान्निध्य राख्ने गर्छ। नेपाली जातीय शब्दले कुनै एक विशेष श्रेणी समूहको बोध गराउने हुनाले यस्तो जातीयतालाई साहित्यमा चित्रण गर्न सकिन्छ। यस्तो जातीयता भाषा, संस्कृति, वेश-भूषामा, रहन-सहन, परम्परा र जीवनशैलीका आधारमा बेग्लाबेग्लै हुने हुनाले आफ्नो राष्ट्रमा बसोबास गर्नेले जातियताप्रति गर्व गर्दछ त्यहाँ राष्ट्रप्रेमको भावना जोडिएर आएको हुन्छ। नेपाली जातीय चेतना भन्नाले नेपाली भाषा, संस्कृति, सामाजिकता, अर्थनीतिसहित त्यो भाषा-भाषीले निर्भीकतापूर्वक जीवन यापन गर्दै आफ्ना आकाङ्क्षाहरूलाई परिपूर्ति गर्दै लैजाने सम्पूर्ण परिवेशको बोध गराउँछ। नेपालमा बसोबास गर्ने नेपालीको नेपाली भाषा, संस्कृति, सामाजिकता, अर्थनीतिसहित त्यो भाषा-भाषीले निर्भीकतापूर्वक जीवन यापन गर्दै आफ्ना आकाङ्क्षाहरूलाई परिपूर्ति गर्दै लैजाने सम्पूर्ण परिवेशको बोध गराउँछ। नेपाल राष्ट्रप्रति प्रेम भएकोले जनताको भाषा, संस्कृति, अर्थनीति, सामाजिकता आदि कुरामा आफ्नो पहिचान प्राप्त हुने गर्दछ। अतः यस्तै परिवेश र परिस्थितिमा साहित्यका माध्यमबाट जातीय गौरव गाथाको स्मरण गराउँदै र भविष्यको स्वअस्तित्व छुटै चिन्हारी विशेषताको छवि स्पष्ट पार्ने हेतुले नेपाली साहित्यमा साहित्यरहरूले जातीय सचेतता कायम राख्ने आग्रह आफ्ना रचनाहरूमा परोक्ष र अपरोक्ष रूपमा गर्दछन्। यिनै अवधारणाका आधारमा जगदीश घिमिरेद्वारा लिखित अन्तर्मनको यात्रा निबन्धमा राष्ट्रप्रेमको चित्रण यहाँ

**अन्तर्मनको यात्रामा राष्ट्रप्रेम**

नेपाली साहित्यका कथा, कविता र आत्मपरक निबन्ध विधामा निपूण देखिएका जगदीश घिमिरे नेपाली साहित्यको कथा, कविता, निबन्ध तथा आत्मपरक निबन्ध विधामा मनोवैज्ञानिक साहित्यकारका रूपमा प्रतिष्ठित छन्। वि.सं.२०२१ देखि साहित्यकार व्यक्तित्वलाई सार्वजनिक गरेका घिमिरेले तीनवटा उपन्यास, एक कथासङ्ग्रह, एक कवितासङ्ग्रह र एक आत्मपरक निबन्ध अन्तर्मनको यात्रा प्रकाशन गरेका छन्। उनका अन्तर्मनको यात्रा आत्मपरक निबन्धमा राष्ट्रप्रेको भावना समेटिएको छ। आफू जन्मेको थलो मन्थली, प्रवास, फेरि मन्थली सम्झदै निवन्धकारले जन्मभूमिप्रतिको अथाह प्रेम दर्शाएका छन्। नेपाली जाति, भाषा, धर्म, प्रकृति र नेपालीपन माथि गर्वबोध गरिएका उनको अन्तर्मनको यात्रामा प्रयुक्त राष्ट्रप्रेमलाई यहाँ मूल्याङ्कन गरिएको छ :

**अन्तर्मनको यात्रामा समाज र संस्कृति प्रेम**

जगदिश घिमिरेद्वारा लिखित अन्तर्मनको यात्रा (२०६७) आत्मपरक निबन्धमा नेपाली समाजको यथार्थको प्रतिविम्बनका साथै नेपाली ग्रामिण समाजले भोगेको परिस्थितिलाई जस्ताको तस्तै उतारिएको छ। जसमा नेपाली

भएका कारण एकअर्कालाई सहयोग गर्नुपर्ने भावना अभिव्यक्त भएको छ । आत्मपरक निबन्धले नेपाली मध्य पहाडी क्षेत्र काठमाडौं तथा तराइ मधेशमा घटेका घटना त्यसबाट निम्नमध्यम वर्गीय जनतामा परेको प्रभाव तथा शारीरिक तथा मानसिक उत्पीडनका पक्षलाई उजागर गरेको छ। वास्तवमा कुनै वर्ग, जात, लिङ्ग तथा रङ्गका आधारमा समाजले समाजका शासकले गरेका व्यवहारद्वारा सिर्जित अवस्थालाई अभिव्यक्त गरिएको छ। आत्मपरक निबन्धले कार्यपीठिकाका रूपमा चयन गरेको भूगोलका रूपमा पहाड, मधेश र शहरको क्षेत्र, आत्मपरक निबन्धमा चयन गरिएका विषयलाई अगाडि बढाउन आम नेपाली जनता । तिनीहरूले प्रयोग गर्ने भाषा, तिनीहरूको धर्म, दैनिक व्यवहार तथा चालचलन संस्कृति आदिको समग्रतालाई समेटेर नेपाली समाजप्रतिको मोह दर्शाएका छन् । मूल अर्थमा समाजप्रतिको मोहका कारणले म पात्रले आफ्नो समाजको समस्या खोजी त्यसको समाधान गरेका छन् । समाज भनेको म पात्र उभिएको धरातल नै हो, त्यो समाजको वरपरको वातावरण रहनसहन, जातपात, धर्म संस्कृति तथा वर्गको समग्र रूपलाई स्वयंले प्रस्तुत गर्दै समाजप्रतिको प्रेमलाई दर्शाएका छन् । यस निबन्धमा उत्पीडन र दमनका पृष्ठभूमिमा महिला भएको कारण भोग्नु परेको लैङ्गिक समस्यालाई उठान गरी त्यसका समाधानका लागि आफ्नो अगुवाईमा भएको कार्यको चित्रण गरिएको छ। समाज प्रेमको आत्मपरक निबन्धले भोग गरेको समाजका विविध पक्षको चित्रण गरिएको पाइन्छ। समाजमा विभिन्न वर्गका लिङ्गका, जातका, धर्मका मानिसहरूको बसोबास रहेको हुन्छ। प्राकृतिक छनौटको सिद्धान्तमा रहेर जीव तथा वनस्पतिले आफू सङ्घर्ष गर्न सक्ने प्रकृतिको छनौट गर्दछन् र त्यही अनुरूप जीवनयापन गर्दछन् । जसलाई निबन्धमा यसरी प्रस्तुत गरिएको छ :

> *नेपालका बासिन्दामध्ये प्रत्येक हिसाबले सबैभन्दा शोषित, निमुखा, वनजातीहरू अझै वनबासी नै छन् । तिनमा मात्र विशेष वनबासी चरित्र छ । अरू सबैमा सामन्ती र वर्गीय छ । चर्को चरम शोषित समूह 'अछूत' भनिन्छ र बहिष्कृत छ। सामाजिक र आर्थिक हिसाबले जो जति किनारिएको छ त्यो त्यति पीडित छदै छ।( पृ.१३)*

निम्नवर्गीय पात्र तथा चरित्रले भोग्नु परेको जीवनचर्यालाई प्रस्तुत गर्दै नेपाली ग्रामीण परिवेशको अवस्थालाई आत्मपरक निबन्धले समग्र नेपालको प्रतिनिधित्व गराएको छ। नेपालीले नेपाली भूगोलको क्षेत्रलाई हेर्ने हो भने मध्य पहाडको रामेछाप मन्थली तथा काठमाडौंको पूर्वका भूभाग आत्मपरक निबन्धमा यसरी वर्णित छ : मन्थलीमा मेरो सबै थोक छ, मन छ। जग्गा छ। जरा छ। आफैंले खोलेका र चलाएका सामाजिक, नागरिक संस्थाहरू छन् । पृ.३१)

वर्गका रूपमा अति निम्न मध्यम वर्गका मानिसले बाँच्ने क्रममा गरेका कार्यहरू आएका छन् । मानिसले आफ्नो आस्था र पूर्खाको चालचलन रीतिथिति र संस्कार अनुरूप विभिन्न धर्म तथा संस्कृतिको अवलम्बन गर्दछ । चालचलन र संस्कृतिका बारेमा अध्ययन गर्दा भिन्न भिन्न पृष्ठभूमिका मानिसले गरेका फरक कुराहरू आत्मपरक निबन्धमा वार्णित छ। वास्तवमा मानव रङ्ग, जात, लिङ्ग, वर्ण भिन्न हुँदैमा भिन्न हुँदैन तर उसले सोच्ने तरिका र गर्ने व्यवहारबाट भिन्न हुन्छ भन्दै गलत मान्छेको सहयोगको उद्देश्यलाई समेत ब्यक्त गरिएको छ। यस निबन्धले नेपाली ग्रामीण समाजको वस्तुस्थितिलाई चित्रण गरेको छ। आफन्तले नै ललाइ फकाइ आफ्नै चेलीलाई बेच्दा पनि मानव बेचविखनका सवालमा सरकारको निरिहपनलाई आत्मपरक निबन्धले उठान गरेको छ।

समग्रमा हेर्ने हो भने अन्तर्मनको यात्रा आत्मपरक निबन्धले उठान गरेको समस्या नै नेपाली समाजको यथार्थ समस्या हो। नेपाली ग्रामीण तथा समाजको सामापजक अवस्था विकृत भएको र त्यही समाजमा हुर्केका बालबालिकाहरूमा सामाजिक यथार्थ नैतिकता र इमान्दारीताको पक्षमा ह्रास देखिएकाले उनीहरूलाई
समाजप्रतिको कर्तव्यबोध गराइ राष्ट्रप्रेमप्रति सचेत गराएका छन् ।

निष्कर्षमा के भन्न सकिन्छ भने आत्मपरक निबन्धले सामाजिकता भित्रका जात, धर्म, वर्ण, लिङ्ग संस्कृति, चालचलन, क्षेत्र तथा अवस्थालाई अध्ययन गर्दै समग्र समाजमा रहेका विविध समस्यालाई प्रस्तुत गरेको छ । विभिन्न पात्रका माध्यमबाट विभिन्न भूगोलमा मानवले भोग्नु परेको नियतिलाई उठान गर्दै निम्न वगीय जनता तथा मजदुरले भोग्नुपरेको समस्या, वर्गीय द्वन्द्व अन्तर्मनको यात्राआत्मपरक निबन्धले नेपाली समाजमा देखिएका यथार्थ समाजको प्रतिविम्ब उतारेको छ।

राष्ट्रप्रेमको ज्वलन्त प्रमाण नेपालीको राष्ट्रप्रतिको मोहलाई समसामयिक यथार्थवादी आत्मपरक निबन्धकार जगदीश घिमिरेद्वारा लिखित *अन्तर्मनको यात्रा* आत्मपरक निबन्धमा आफू जन्मेको जन्मभूमि मानिसहरूको अवस्थाका साथै रामेछापका सुनकोसी र सिन्धुली नजिकको बस्ती आसपासका ग्रामीण भेगका मानिसहरूको

लोकजीवन, लोकसस्कृति र दैनिक जीवनचर्याको चित्रण राम्ररी गरिएको छ । भौगोलिक रूपमा पहाडबाट झरेपछिको तराई तथा सुनकोसी नदी किनार वरपरका स्थान आत्मपरक निबन्धमा रहेको कार्यपीठिकाको रूपमा परिचित छ । यो निबन्धकारको जन्मथलो पनि हो । मन्थली र सुनकोसी नदी र यसको आसपासमा आदिवासीका रूपमा बस्दै आएका विभिन्न जातिको जीवनचर्यालाई आत्मपरक निबन्धमा उतारेका छन् । निम्नवर्गीय समुदायका मानिसहरूले दिनरात मिहेनत गर्दा पनि दुई छाक पेटभरि खान नपाएको, औषधीमूलो गर्न नसकेको तथा आफ्नो पेट पाल्नका लागि निकै कठिन काम गर्नु परेको यथार्थता आत्मपरक निबन्धमा पाइन्छ । अझ समाजमा जातिगत रूपमा तल परेका दलितहरू आर्थिक अभावमा नराम्ररी पिल्सिएका छन् । कृषि पेसामा संलग्न तिनीहरूमा शिक्षाको उज्यालो ज्योति पुग्न सकेको छैन्, अन्धविश्वासका कारण पटक पटक ठगीन पुगेका कुरा आत्मपरक निबन्धमा प्रस्तुत गरिएको छ । सामान्य वर्गका मानिस भगवान् तथा ईश्वर विश्वास गर्छन् । आफूले जानेको काम गरेर खर्च जुटाउने काम गर्छन् ।

यसरी सीमान्तकृत जनजातिको कठीन जीवनयापनलाई आफ्नो कर्मथलोसँग जोडेर निबन्धकार जगदीश घिमिरेले सफल रूपमा देखाउन खोजेका छन् । घिमिरेले समुदायको लोकजीवनको मात्र चित्रण नगरी सम्बन्धित अञ्चल विशेषको लोकजीवनको चित्रण यथार्थ रूपमा गरेका छन् । ग्रामीण भेगका मानिसका वंश परम्परा, सुख दुःख, हर्ष रोदन, उकाली ओराली, उन्नति अवनति, सफलता असफता, आदिलाई आत्मपरक निबन्धमा स्थान दिएका छन् । आत्मपरक निबन्ध पढ्दा रामेछाप, मन्थली, काठमाडौं, जनकपुर भारत, पटना, लण्डन र निबन्धकारको जन्मभूमि गाउँ तथा तामाकोसी र त्यस आसपासका ग्रामीण भेगको भ्रमण गरेको अनुभव हुन्छ । यसरी आत्मपरक निबन्धकारले ग्रामीण लोकजीवन र संस्कृतिको सफल प्रयोग आत्मपरक निबन्धमा गरेका छन् । उनले संस्कृतिका बारेमा यसरी चर्चा गरेका छन्ः

संस्कृति वातावरणको मानवनिर्मित अंश हो । मानव समुदायको पहिचान संस्कृति हो । संस्कृतिको एक प्रमुख आधार भाषा हो । भाषा मानव समुदायको प्रबल पहिचान हो । भाषाको महत्त्व त्यस भाषामा सिर्जना गरिएको साहित्यको गहनता र प्रचुरता हो । साहित्य हल्काफुल्का तुकबन्दी र समय बिताउने मेलो होइन, जीवनको गहनाता चिन्ने र बुझ्ने माध्यम हो । यस अर्थमा साहित्य जीवन दर्शन हो । (पृ. १२१)

यसै गरी आत्मपरक निबन्धले अङ्गिकार गरेको र रामेछापको लोकसंस्कृति पनि जीवन्त रूपमा समेटिएको छ । नेपालको भेगका मानिसले संरक्षण र जगेर्ना गरी राखेको पूर्वी लोकसस्कृतिलाई पनि निबन्धले समेटेको छ । विभिन्न पर्व र मेलाको वर्णन आत्मपरक निबन्धमा गरिएको छ । रीतिरिवाज चाडपर्व भनेपछि हुरुक्कै हुने ग्रामीण भेगका मानिसका परिपाटिलाई उतारेका छन् । यसैगरी तराई तथा पहाडका मानिसले मान्ने चाडको चर्चा गरिएको छ । दशैं तथा तिहार चाडपर्वलाई आफ्नो गच्छे र औकातअनुसार मनाएर ती पर्वको महत्त्वलाई स्थानीयवासीले मूर्त रूप दिएको छनक निबन्धमा पाइन्छ ।

आफूले भोगेका जीवनलाई सम्झदै आफ्नो कार्य र त्यहाँको जीवनको वर्णन गर्दै घिमिरेले मानिसहरूको दैनिक जीवनचर्यालाई राम्ररी उतारेका छन् । विहान बेलुका विभिन्न कामका साथै खेतबारीमा पसिना बगाउँदा पनि सुखका दिन कहिल्यै देख्न नपाएका मानिसहरूका जीवनशैली र आफ्नो दिनचर्यासँग तुलना गरी देखाइएको छ ।

यसरी घिमिरेले आफू जन्मेको गाउँघरलाई असाध्यै माया गर्दै पहाडी गाउँका मानिसहरूको दैनिक जीवनचर्यालाई सरल र सहज तरिकाले निबन्धमा राम्ररी उतारेका छन् ।

समग्रमा जगदीश घिमिरेद्वारा लिखित एक उत्कृष्ट सामाजिक यथार्थवादी आत्मपरक निबन्धमा आफ्नो जन्मभूमिलाई पटकपटक सम्झँदै त्यहँको लोकसंस्कृति परम्परा, लोकजीवनप्रतिको मोहलाई स्पष्ट रूपमा चित्रण गरेका छन् यो उनको राष्ट्रप्रेमको सच्चा प्रेम हो भन्न सकिन्छ।

**अन्तर्मनको यात्रामा प्रकृति प्रेम**

नेपाली आत्मपरक निबन्ध विधाका एक सशक्त व्यक्तित्व जगदिश घिमिरेको अन्तर्मनको यात्रा आत्मपरक निबन्धमा स्थानीय भूगोल र प्रकृतिको सुन्दर चित्रण सफल रूपमा भएको पाइन्छ। यो आत्मपरक निबन्धको कार्यपीठिका पूर्वी नेपालको रामेछापमा पर्ने मन्थली, काठमाडौं तथा भारत, पटना, लण्डन आदि विदेशको भूमिमा केन्द्रित रहेको छ। आत्मपरक निबन्धले समेटेको भूभाग ग्रामीण क्षेत्र बढी छ भने आंशिक रूपमा मात्र सहरिया क्षेत्र रहेको छ। सुनकोसी नदीको सीमाना सिन्धुली, रामेछाप, मन्थली र काठमाडौंको विभिन्न स्थानहरूमा विषयवस्तु फैलिएको छ। अज्ञातकालदेखि वसोबास गर्दै आएका साधारण निम्न वर्गको समस्या, जन्मभूमि भएको स्थान, उनीहरूको परिश्रमले सिञ्चित त्यहाँको जमिन, सुनकोसी नदीको किनार, मन्थली, चरिकोट, सिन्धुली तथा त्यस आसपासका ग्रामीण भूगोललाई आत्मपरक निबन्धले समेटेको छ। विशेष गरी निम्न वर्गीय तथा दलित जातिले बसोबास गरेको तराई तथा पहाडीगाउँको वर्णन आत्मपरक निबन्धमा बढ्ता पाइन्छ।

रामेछाप नेपालको पूर्वमा पर्ने पहाडको क्षेत्र हो। मन्थली तथा जनकपुर त्यस आसपासका तराई ग्रामीण भेगको जनजीवनको प्रत्यक्ष रूपमा आत्मपरक निबन्धमा आएका छन्। जननी जन्मभूमिको... चर्चा गर्दा रामेछाप नजिकैको मन्थली बजार क्षेत्रले पहाडको परिचय स्थापित गरेको छ। आत्मपरक निबन्धमा काठमाडौं सहरको चर्चा पनि भएको छ। भौगोलिक रूपमा पहाड समथर फाँट, नदी खोल्सा खोल्सी, अनकन्टार जङ्गल, झाडी तथा सहर क्षेत्रसम्म फैलिएको देखिन्छ। नेपालको सुन्दता र प्रकृति चित्रणलाई यसरी प्रस्तुत गरिएको छः मन्थली बेंसीलाई पूर्व -पश्चिम लाम्चो परेको भन्दा हुन्छ। उत्तरतिर गौरीशंकर हिमालचुली देखिन्छ। यस उपत्यकाको प्रमुख पात्र हो- हिमालबाट आएर एक छेउबाट नागबेली बगेको गाढा हरियो सिरूपाते तामाकोशी। (पृ.२८)

आत्मपरक निबन्धले ओगटेको स्थानीय भूगोलतिर नजर लगाउँदा रामेछापको मन्थली, काठमाडौं, विदेशमा भारतको पटना, लण्डन हुँदै बैंककसम्म पुगेको देखिन्छ। आत्मपरक निबन्धको वर्णनको क्रममा निबन्धकारको जन्मथलो केन्द्रीय भूगोल हेर्दा सुनकोसी नदी रामेछापको मन्थलीको आसपासमा अवस्थित देखिन्छ। मन्थली नजिकैको गाउँको चित्रण पनि आत्मपरक निबन्धमा उल्लेख छ। अन्तर्मनको यात्रा आत्मपरक निबन्धको भौगोलिक वर्णन नेपाली भूभागमा रहेको रामेछापको मन्थली र सिन्धुली वरपरको गाउँमा मात्र सीमित नरही काठमाडौं, जनकपुर, भारतको पटना, लण्डन, बैंकको विदेश स्थानसम्म फैलिएको छ।

मन्थली र सिन्धुलीको पहाड र त्यस आसपासको भूभाग, रुख, वनजङ्गल, पोखरीको सजिव चित्रण गरिएको छ। विशेषगरी सुनकोसी नदी वरिपरिको प्रकृतिको चित्रण नै आत्मपरक निबन्धमा स्पष्ट रूपमा गरिएको छ। समग्रमा जगदीश घिमिरेद्वारा लिखित *अन्तर्मनको यात्रा* आत्मपरक निबन्धमा भूगोलको सजिव चित्रण सफल रूपमा गरिएको छ। आत्मपरक निबन्धकारले त्यहाँको माटो ढुङ्गा, खोला नाला, खोल्सी तलाउ, पोखरी, वृक्ष आदिलाई मानवीकरण गरेर जीवन्त पारेका छन्। यति मात्र नभइकन त्यहाँको प्रकृतिलाई पनि आत्मपरक निबन्धमा उतारेका छन्। रामेछापको मन्थली, जनपुरको जानकी मन्दिर, रुख, पोखरी, इनार तथा त्यहाँको झाडी र जङ्गलको प्रकृति चित्रणलाई आत्मपरक निबन्धकारले अन्तर्मनको यात्राले राष्ट्रप्रेमको भावनालाई समेटेर विशेष चित्रण गरेका छन्।

**अन्तर्मनको यात्रामा भाषाप्रेम**

अन्तर्मनको यात्रा आत्मपरक निबन्धमा निबन्धकार जगदीश घिमिरेले परिष्कृत परिमार्जित, प्राञ्जल वा स्पष्ट, बोधगम्य र श्रुतिमाधुर्ययुक्त नेपाली भाषाको प्रयोग गरेका छन्। काव्यात्मक वा विशिष्ट पदक्रमको प्रयोग भएको पाइन्छ। तापनि पात्रगत स्तरलाई हेर्दै तिनको शिक्षा, दिक्षा, व्यवहार, योग्यता तथा आचार-विचारलाई मनन गरी

तिनैले प्रयोग गर्ने स्तरको भाषाको प्रयोग गरेका छन् । घिमिरेले आत्मपरक निबन्धमा ग्रामीण कथ्य भाषाको अलि बढी नै प्रयोग गरेको देखिन्छ । नेपाली लवजको, स्थानीय भाषाको प्रयोगले बोल्न होस् वा लेखकले आफ्नो विचार पोख्न त्यहाँको परिस्थिति र प्रचलन व्यवहार र सभ्यतालाई झल्काउने जीवन र स्थानीयताको फेरो लगाउँदछ । त्यसैले स्थानीय रङ्ग गाढा भई त्यहाँको प्रतिच्छवि बडो स्वभाविकताका साथ व्यक्तिएको छ । जुन भाषामा कुनै कठिनाई, अस्पष्टता र स्वभाविकता पाइदैन् । बरु यसमा प्रयुक्त पात्रहरूका बीचको पारस्परिक वार्तालाप, मनोद्वन्द्वको वर्णन र घटनाको प्रस्तुति स्थानीय भाषिकाको सरल शब्दको प्राचुर्य, नेपाली, ढुकढुकीलाई प्रतिबिम्बित गर्ने चलनचल्तीका उखान टुक्काको स्वभाविक प्रयोगले आत्मपरक निबन्धमा अरू आकर्षण थपेको पाइन्छ : संस्कृतिको एक प्रमुख आधार भाषा हो । भाषा मानव समुदायको प्रबल पहिचान हो । भाषाको महत्त्व त्यस भाषामा सिर्जना गरिएको साहित्यको गहनता र प्रचुरता हो । (पृ.१२१)

अन्तर्मनको यात्रा आत्मपरक निबन्धमा घिमिरेले अनुकरणात्मक शब्द, झर्रो शब्द, आगन्तुक शब्द तथा उखान टुक्काको प्रशस्तै प्रयोग गरेका छन् । आत्मपरक निबन्धमा सस्कृत, हिन्दी, अङ्ग्रेजी अवधी, मैथिली तथा अन्य भाषाका कतिपय शब्दहरूसमेत प्रयोग हुन पुगेका छन् । आत्मपरक निबन्धमा स्थानीय कथ्य भाषाको प्रयोग प्रचुर मात्रामा गरेका छन् । उनले त्यहाँका मानिसका बोलीलवज अनुरूपको भाषा आत्मपरक निबन्धमा उतारेका छन् । आतमपरक निबन्धमा तराईमा बोलिने भाषाका रूपमा आएका भैयाजी, बदतमीजी, मेरी जान, राखी, थोडा, फर्ज अगवा, माई आदि नेवारीमा प्रयोग भएका माइम्पाखा, खो, खैं, लका, मल्टा, मलि चटामरी, यांमरी आदि संस्कृतका कर्तव्य, परायण, परिश्रम, बहिष्कृत, गृहस्थी, जस्ता आदि शब्दको प्रयोग भएको छ भने आगन्तुकका इनकम, लाइन, फेशन, प्रिन्सीपल, ड्युटी, परेड, सिनियर, कल्चर, होटेल, कलेज, स्टुडेन्ट, इन्फेक्सन, रिन्यू, इमर्जियन्सी, डाक्टर, ट्रक आदि ।

*अन्तर्मनको यात्रा* आत्मपरक निबन्धमा उखान टुक्काको भरपूर प्रयोग भएको छ । उखान टुक्काको प्रयोगले आतमपरक निबन्धको भाषिक शिल्पलाई एकातिर मनोहर बनाएको छ भने अर्कोतिर भाव सम्प्रेषण तीव्र, तीक्ष्ण र गम्भीर एवम् सारगर्भित बनाएको पाइन्छ । भाषिक शिल्पमा रोचकता, कुतूहलता र स्वभाविक आकर्षण थप्नमा यस्ता उखान टुक्काको भरपूर मलजलको काम गरेको छ ।

यसरी आत्मपरक निबन्धकार घिमिरेले अन्तर्मनको यात्रा आत्मपरक निबन्धमा स्थानीय भाषा, लोकोक्ति, उखानटुक्का, लोकगीत, पात्रअनुसार संवाद योजनाको सफल प्रयोग गरेका छन् ।

वर्णन शैलीलाई प्रभावकारी र साहित्यिक बनाएर वस्तुगत तथ्यलाई रेखाचित्रको शैलीमा प्रभावोत्पादक बनाइन्छ । वर्णनशैली साहित्यिक हुँदा यो साहित्य बन्छ तरपनि परम्परागत शिल्पप्रविधिको सामान्य वर्णनात्मक पद्धतिलाई मात्र नपछ्याएर कतिपय स्थानहरूमा विशेष किसिमको शैल्पिक प्रविधिलाई समेत उपयोग गर्नुले पुरानै शैलीभित्र नयाँपन, नूतन अनुभूति र अनुप अनुराग उत्पन्न गर्ने जमर्को भएको पाइन्छ । आत्मपरक निबन्धकार घिमिरेले अन्तर्मनको यात्रा आत्मपरक निबन्धमा सबैले बुझ्न सक्ने सरल, सरस, बोधगम्य र श्रुतिमधुर भाषाको प्रयोग पाइन्छ । हरेक कुराको वर्णनमा नविनता र स्वभाविकता पाइन्छ ।

रामेछापका मानिसहरूको जीवन गुजार्ने शैली, परम्परा, रीतिरिवाज, चालचलन आदिको यथार्थ झलक आत्मपरक निबन्धमा पाइन्छ । खेताला, परम, अँधिया, चाडपर्व, तथा जीवनको उतार चढावलाई आत्मपरक निबन्धमा समेटिएको छ । मन्थली वरपरको तथा सिन्धुलीको गाउँको हावापानी, चालचलन तथा सुख दुःखलाई आत्मपरक निबन्धले केन्द्रविन्दु बनाएको छ । यसरी यस निबन्धमा निबन्धकारले नेपाली भाषाको स्थानीय शैलीलाई समेत यथेष्ट प्रयोग गरी नेपाली भाषाप्रतिको मोह र राष्ट्रप्रेमलाई प्रस्तुत गरेका छन् ।

## निष्कर्ष

अन्तर्मनको यात्रा आत्मपरक निबन्धमा जगदीश घिमिरेले राष्ट्रप्रेमको भावनालाई प्रस्तुत गरेका छन् । उनले नेपालको प्रकृतिचित्रण, भाषा मोह, समाज र संस्कृतिप्रति सकारात्मक विचार दिई जननी र जन्मभूमिप्रति अतुलनीय श्रद्धाभाव

प्रकट गरेका छन् । आफू जन्मेको गाउँ र ग्रामीण मानिसका रहनसहन तथा त्यहाँका समग्र जीवनवृत्तको सरोफेरोको वर्णन गरेका छन । आफू जन्मेको रामेछापमा अहिलेसम्म पनि ग्रामीण क्षेत्रमा प्रगति पुग्न सकेको छैन, स्वार्थ लिप्सा छदैंछ, अन्धविश्वास उस्तै छ, पुराना रूप र परिवेश पनि छन्, तसर्थ यस आत्मपरक निबन्धले ग्रामीण परिरवेशलाई मुख्यः रूपमा अँगालिएको पाइन्छ जसले जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी भन्ने मूल भावलाई यस कृतिमा प्रस्तुत गरिएको छ । भूगोलका रूपमा पहाड, मधेश र शहरको क्षेत्र, निबन्धमा चित्रण गरिएका र तत् तत् स्थानमा प्रयोग गर्ने भाषा, तिनीहरूको धर्म, दैनिक व्यवहार तथा चालचलन संस्कृति आदिको समग्रतालाई प्रस्तुत गरिएको छ । राष्ट्रप्रेमलाई देखाउने क्रममा रामेछापको विभिन्न स्थानको वातावरण रहनसहन, जातपात, धर्म संस्कृति तथा वर्गको समग्र चित्रण गरिएको छ । मानिसले आफ्नो आस्था र पूर्खाको चालचलन रीतिथिति र संस्कार अनुरूप बिभिन्न धर्म तथा संस्कृतिको अवलम्बन गर्दछ । त्यस्तै प्रस्तुत अन्तर्मनको यात्रा आत्मपरक निबन्धमा मुर्ति पूजा आरधना तथा ईश्वरीय आस्थालाई कन्द्रमा राखेर दुःख परेको बेला देवताको पुकारा गरिएको छ । चालचलन र संस्कृतिका बारेमा अध्ययन गर्दा भिन्न भिन्न पृष्ठभूमिका मानिसले गरेका फरक कुराहरू आत्मपरक निबन्धमा वीर्णित छ । उनका निबन्धमा सामाजिक आदर्श पनि अभिव्यक्त भएको देखिन्छ । त्यसैले आफू जन्मेको समाज, प्रकृति, ईश्वर, जस्ता मूर्त-अमूर्त वस्तुहरूलाई विषय बनाएर लेख्ने काम घिमिरेबाट भएको छ । घिमिरे सामाजिक समाजसेवीका रूपमा प्रतिष्ठा प्राप्त गर्न सफल रहेका छन् । उनका आत्मपरक निबन्धमा सामाजिक, राजनीतिक परिवर्तन, त्यसले व्यक्तिको सामाजिक, आर्थिक पक्षमा पारेको प्रभावको चित्रणमा चित्रण गरेको पाइन्छ । घिमिरेका आत्मपरक निबन्धहरूमा सामाजिक र राजनीतिक परिपाटीको सूक्ष्मता कथ्य भएर बसेको पाइन्छ । यसका साथै म पात्र र अन्यपात्रको मानस रचनाको पृष्ठभूमिमा समेत सामाजिक परिवेशलाई राखी उनले रचना गरेका छन् । उनका सामाजिक विषयले वर्गीय विभेद, आर्थिक समस्या, पारिवारिक चिसो सम्बन्ध, दाम्पत्य जीवनका अप्ठ्यारालाई पनि देखाएका छन् ।

जगदीश घिमिरेले नेपाली साहित्यमार्फत राष्ट्रभाषा नेपालीको सेवा, विदेशी भूमिभन्दा नेपाललाई स्वर्ग मान्दै नेपालको विभिन्न क्षेत्रको भ्रमण गरेका छन् । सामुदायिक संस्था खोली त्यसमार्फत् आफ्ना बन्धुवान्धवको सेवा गरेका घिमिरेले आफ्नो जीवनको अन्तिमकालमा आफूले भोगेका, गरेका विभिन्न क्रियाकलापलाई कृतिमा समाविष्ट गरेका छन् । नेपालको सामुदायिक विकासमा विशेष योगदान पुऱ्याएका घिमिरेले यस कृतिमार्फत् आफूभित्रको राष्ट्रप्रेमको भावनालाई स्पष्ट रूपमा अभिव्यक्त गरेका छन् । यो राष्ट्र भूस्वर्ग हो, यहाँको प्रकृति, यहाँको रहनसहन शिक्षादीक्षा, कलासंस्कृतिले विश्वमा आफ्नो छुट्टै पहिचान बनाएको छ भन्दै समृद्धिका लागि विभिन्न योजन समेत प्रस्तुत गरेका छन् । नेपालको समग्र पक्षको चित्रण गर्दै राष्ट्र, भाषा, संस्कृति र प्रकृतिको मोहलाई उजागर गर्दै यस कृतिमा राष्ट्रप्रेमको भावलाई प्रस्तुत गरेको अभिव्यक्तिको प्रकटीकरण भएको छ भन्ने पुष्टि भएको छ ।

**सन्दर्भ सूची**

घिमिरे, जगदीश, (२०६६) *अन्तर्मनको यात्रा,* मन्थली, रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

पोखेल, बालकृष्ण र अन्य (सं),(२०५५) *नेपाली बृहत् शब्दकोश,* काठमाडौं : ने.रा.प्र.प्र. ।

पौडेल, विष्णुप्रसाद,(२०६७) *जगदीश घिमिरेका साहित्यक कृतिहरूको अनुशीलन,* मन्थली, रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

राई, इन्द्रबहादुर,*(२०३१),नेपाली उपन्यासका आधारहरू,* काठमाडौंःसाझा प्रकाशन ।

राय, गोपाल, *(इ. १९७३) उपन्यासका शिल्प,* पटना : बिहार हिन्दी ग्रन्थ अकादमी ।

शर्मा, तारानाथ, *(२०५६), नेपाली साहित्यको इतिहास,* चौ.सं., काठमाडौँ : अक्षर प्रकाशन ।

शर्मा, मोहनराज,*(२०४८), शैलीविज्ञान,* (काठमाडौँः ने. रा. प्र. प्र. ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद, लुइटेल,*(२०६२), शोधविधि,* ते.सं.,ललितपुरः साझा प्रकाशन ।